# सार्वजनिक सेवाको मापदण्ड, २०७७

**बुढीगंगा नगरपालिका कुल्देवमाण्डौं बाजुरा ।**
**सुदुरपश्चिम प्रदेश नेपाल**

**Email:- ito.budhigangamun7@gmail.com**

**Wedsite:- budhigangamunbajura.gov.np**

## सार्वजनिक सेवाको मापदण्ड २०७८

प्रमाणीकरण मितिः२०७९/१०/२६

**प्रस्तावनाः** नेपालको संविधान प्रचलित संघीय प्रदेश तथा स्थानीय कानून बमोजिम जनतालाई प्रत्याभुत गरिने सार्वजनिक सेवाहरुमा सुशासन कायम गर्न संघीय शासन व्यवस्थाको मर्म तथा जनताको सवै भन्दा नजिकको सरकार भएकोले सेवाप्रवाह प्रभावकारी बनाई जनताका दैनिक जनजीवनलाई सहज बनाउन सेवा प्रवाहलाई निरन्तर अनुगमन, परिमार्जन तथा सूचना प्रविधिमा आधारित बनाई परिस्कृत बनाउन वाञ्छनीय भएकोले प्रसासकीय कार्यविधि(नियमित गर्ने) ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड कार्यपालिकाको मिति २०७९/१०/२३ गतेको बैठकवाट स्वीकृत गरि जारी गरिएको छ ।

परिच्छेद १
प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ यो (१):** मापदण्डको नाम सार्वजनिक सेवाको मापदण्ड २०७९ रहेको छ।
(२) यो मापदण्ड स्थानीय राजपत्रमा प्रकाशित भए पछि लागू हुनेछ ।

**२ परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

**(क)** "प्रमुख" भन्नाले बुढीगंगा नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।
**(ख)** "आर्थिक ऐन" भन्नाले बुढीगंगा नगरपालिकाको आर्थिक ऐन-२०७९ सम्झनु पर्दछ ।

**(ग)** "कर्मचारी" भन्नाले बुढीगंगा नगरपालिका तथा मातहतका कार्यालयमा कार्यरत सम्पुर्ण कर्मचारी सम्झनु पर्दछ ।
**(घ)** "कार्यालय" भन्नाले बुढीगंगा नगरपालिका सम्झनु पर्दछ ।
**(ङ)** "कार्यपालिका" भन्नाले बुढीगंगा नगरपालिका कार्यपालिका सम्झनु पर्दछ ।
**(च)** "नगर सभा" भन्नाले बुढीगंगा नगरपालिका नगर सभा सम्झनु पर्दछ ।
**(छ)** "नगरपालिका" भन्नाले बुढीगंगा नगरपालिका सम्झनु पर्दछ ।
**(ज)** "गुनासो सुन्ने अधिकारी" भन्नाले कार्यालय द्वारा तोकिएको गुनासो सुन्ने अधिकारी सम्झनु पर्दछ ।
**(झ)** "जनप्रतिनिधि" भन्नाले नेपालको संविधान २०७९ बमोजिम निर्वाचित बुढीगंगा नगरपालिकाका जनप्रतिनीधि सम्झनु पर्दछ ।
**(ञ)** "समिति" भन्नाले यस मापदण्डको दफा ५ बमोजिम गठित समिति सम्झनु पर्दछ ।
**(ट)** "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले बुढीगंगा नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतको जिम्मेवारी तोकिएको अधिकृत कर्मचारी सम्झनु पर्दछ ।
**(ठ)** "वडा अध्यक्ष" भन्नाले बुढीगंगा नगरपालिकाको वडाहरुको वडा अध्यक्षलाई सम्झनु पर्दछ ।
**(ड)** "वडा कार्यालय" भन्नाले बुढीगंगा नगरपालिकाको १० वटै वडामा रहेका वडा कार्यालयको भवन सम्झनु पर्दछ ।
**(ढ)** "वडा सचिव" भन्नाले वडा कार्यालयको प्रशासन प्रमुखको जिम्मेवारी तोकिएको कर्मचारी सम्झनु पर्दछ ।
**(ण)** "सार्वजनिक सेवा" भन्नाले नेपालको संविधान प्रचलित संघीय प्रदेश तथा स्थानीय कानुनद्वारा व्यक्ति वा संस्थालाई निशुल्क वा स शुल्क उपलब्ध गराउनु भनी तोकिएका बस्तु वा सेवालाई सम्झनु पर्दछ ।
**(त)** "सूचना अधिकारी" भन्नाले नगर कार्यपालिका कार्यालयद्वारा तोकिएको सूचना अधिकारी सम्झनु पर्दछ ।
**(थ)** "शाखा प्रमुख" भन्नाले नगर कार्यपालिका कार्यालयद्वारा कार्यालयको शाखाहरुको प्रमुखको जिम्मेवारी तोकिएको अधिकृत वा सहायक कर्मचारी सम्झनु पर्दछ ।

परिच्छेद २

सार्वजनिक सेवा प्रवाह

**३. सार्वजनिक सेवा प्रवाह सवैको दायित्व हुनेः**

(१) स्थानीय तहवाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाहमा कानुन बमोजिम सवै दायित्व हुनेछ ।

(२) सेवा प्रवाहको दायित्वबाट तोकिएको कुनै पनि जनप्रतिनिधि तथा कर्मचारी पन्छिन पाईने छैन ।

(३) सेवा प्राप्तीका तोकिएका प्रकृया वा सर्त पालना गर्नु सवै सेवा ग्राहीको दायित्व हुनेछ ।

(४) सार्वजनिक सेवा प्रवाहको क्रममा सम्बन्धित सवैले सार्वजनिक सेवाको उच्च आदर्शले प्रेरित आचरणको प्रदर्शन गर्नु पर्दछ ।

**४. सार्वजनिक सेवाको नाम प्रकृति आवश्यक प्रकृया लाग्ने समय र दस्तुर जिम्मेवार अधिकारी र गुनासो सुन्ने अधिकारीः**

(१) कार्यालय मातहतका कार्यालय तथा वडा कार्यालयवाट प्रदान गरिने सार्वजनिक सेवाको नाम प्रकृति आवश्यक प्रकृया लाग्ने समय र दस्तुर जिम्मेवार अधिकारी र गुनासो सुन्ने अधिकारी कार्यपालिकाद्वारा स्विकृत नागरीक वडा पत्र बमोजिम हुनेछ ।
(२) सार्वजनिक सेवा प्रवाहलाई थप परिस्कृत बनाउन नागरीक वडापत्र दफा ५ बमोजिमको समितिको सिफारीसमा कार्यपालिकाले आवश्यक परिमार्जन गर्न सक्ने छ ।

परिच्छेद ३

अनुगमन तथा प्रतिवेदन सम्बन्धि व्यवस्था

**५. अनुगमन समितिः** (१) कार्यपालिका अन्तर्गतको सार्वजनिक सेवा तथा क्षमता विकास समितिले सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरिय तथा प्रभावकारी वनाउन अनुगमन गर्ने छ ।
(२) उपदफा १ बमोजिमको समितिले आवश्यक परेमा अन्य जनप्रतिनिधि कर्मचारी विषय विज्ञ तथा सरोकार वालालाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**६. समितिको काम कर्तव्य र अधिकारः** सार्वजनिक सेवाको प्रवाहको सन्दर्भमा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सार्वजनिक सेवा प्रवाहलाई थप गुणस्तरीय, परिस्कृत तथा प्रभावकारी बनाउन नीति तथा योजनाको मस्यौदा तर्जुमा गर्ने ।
(ख) नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने सम्पुर्ण सेवा प्रदायक कार्यालय तथा निकायको सेवा प्रवाह सम्बन्धमा अनुगमन गरी थप सुधारका लागी सम्बन्धित निकायमा सुझाव दिने ।
(ग) सार्वजनिक सेवा प्रवाह सम्बन्धमा कम्तिमा वार्षिक रुपमा सेवाग्राही, सेवा प्रदायक तथा सरोकारवालाको सहभागितामा सार्वजनिक सुनुवाई गराउने ।
(घ) नागरिक वडा पत्रको कार्यान्वयनको अवस्था मुल्याङ्कन गरी थप सुधारका लागी सुझाव संकलन गर्ने
(ङ) घुम्ति सेवाको क्षेत्र पहिचान गरी एकिकृत घुम्ति सेवाको योजना बनाई सार्वजनिक सेवा प्रवाह समुदाय स्तर सम्म पुर्याउन सहयोग गर्ने ।
(च) सार्वजनिक सेवा प्रवाह सम्बन्धमा सेवा ग्राही तथा सेवा प्रदायक गुनासो सुनुवाईको यथोचित प्रवन्ध मिलाउने र विद्धमान गुनासो सुनुवाई संयन्त्रलाई थप प्रभावकारी बनाउन आवश्यक सुझाव दिने ।
(छ) अनुसुचि (१) बमोजिम सेवा ग्राही सन्तुस्टि सर्वेक्षण फारम प्रयोग गरी वार्षिक रुपमा सेवाग्राही सन्तुष्टिको अवस्था मुल्याङ्कन गर्ने
(ज) सेवा ग्राही, सेवा प्रदायक तथा सरोकारवालाहरुविच समन्वय तथा अन्तरक्रिया गर्ने ।
(झ) सार्वजनिक सेवा प्रवाहको क्रममा देखा परेका वा भविष्यमा देखा पर्न सक्ने समस्या समाधान तथा अवरोध हटाउने ।

**७ अनुगमन प्रतिवेदन तथा समिक्षाः**
(१) कार्यालयको पदसोपान अनुसार सम्बन्धित पदाधिकारी तथा कर्मचारीले सार्वजनिक सेवा प्रवाह सम्बन्धमा नियमित वा आवश्यकता अनुसार अनुगमन गर्नुपर्नेछ ।
(२) समितिले दफा छ बमोजिम सम्पादित कार्यहरु, अनुगमन प्रतिवेदनका आधार विद्यमान समस्या तथा चुनौतिहरु, समस्या समाधानका उपायहरु सुधारकालाऊ गर्नुपर्ने प्रयासहरु सहितको एकीकृत सुधार योजना प्रतिवेदन वार्षिकरुपमा कार्यालयमा पेश गर्नु पर्ने छ ।

(३) उपदफा २ बमोजिमको प्रतिवेदन माथि कार्यपालिकाले आवश्यक समिक्षा गरी नगर सभामा प्रस्तुत गर्ने छ ।

परिच्छेद ४
विविध

**८. पुरस्कारः** सार्वजनिक सेवा प्रवाहमा रचनात्मक योगदान पुर्याउने व्यक्ति वा संस्थालाई प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था गरिनेछ ।
**९. कार्य सम्पादन मुल्याङ्कनसँग आवद्द गरिनेः** (१) कर्मचारीको कार्य सम्पादन मुल्याङ्कनलाई सार्वजनिक सेवा प्रवाह सम्बन्धमा गरेको कार्य सम्पादन सँग आवद्द गरिनेछ ।

(२) करार सेवा अन्तरगत कार्यरत कर्मचारीको करार सेवा निरन्तरतालाई सार्वजनिक सेवा प्रवाह सम्बन्धमा गरेको कार्य सम्पादन सँग आवद्द गरिने छ ।

**१०. सूचना प्रविधिको उपयोगः** सार्वजनिक सेवालाई सहज सुलभ भरपर्दो कम खर्चिलो बनाउन उपयुक्त सूचना प्रविधिको उपयोगलाई प्रवर्द्धन गरिनेछ ।

**११. सार्वजनिक सेवा प्रवाहमा सुधारका लागी लगानीः** सार्वजनिक सेवा प्रवाहमा सुधारका लागी लगानीका क्षेत्र तथा परमाण समेत एकिन गरी समितिले बजेट तथा कार्यक्रम तर्जुमा समिति मार्फत कार्यपालिकामा प्रस्ताव पेश गर्ने छ ।

**१२. बाधा अडकाउ फुकाउनेः** सार्वजनिक सेवा प्रवाह सम्बन्धमा कुनै बाधा पर्न आएमा कार्यपालिकाले आवश्यक निर्णय गरी वाधा अड्काउ फुकाउन सक्नेछ ।

अनुसुचि १
दफा ६ ५ संग सम्बन्धित
सेवाग्राही सन्तुष्टि सर्वेक्षण फाराम

तल उल्लेख भए अनुसारको विवरण उपलब्ध गराई यस कार्यालयको सेवा प्रवाहलाई जनमैत्री बनाउने कार्यका लागी यथार्थ पृष्ठपोषण दिनुहोला। तपाईले दिएको पृष्टपोषण गोप्य रहने छ ।
१ सेवा ग्राहीको विवरणः नाम गोप्य राख्न चाहनेले नाम उल्लेख नगर्न सकिने छ ।

नाम थरः ☐ ठेगानाः ☐

उमेरः ☐ शिक्षाः ☐ लिङ्गः महिला ☐ पुरुष ☐ अन्य ☐

२ कुन सेवा लिनकालागी आउनुभएको थियो?

प्रशासनः ☐ योजनाः ☐ संस्था तथा व्यवसाय ☐

सामाजिक तथा सुरक्षा सम्बन्धिः ☐ मुद्दा सम्बन्धिः ☐ राहत सम्बन्धिः ☐

सिफारिस सम्बन्धिः ☐ अन्य कुनै भएः ☐

कार्यलय वा शा गत रुपमा उल्लेख गर्न सकिने छ

३ तपाईंले खोजेको सेवा पाउनुभयो त ? ☐ ☐

४ सेवा लिन कति समय लाग्यो ? ☐

५ सेवा लिनका लागी आवश्यक कागजातहरु पेश गर्नुभएको थियो? थियोः ☐ थिएनः ☐

६ सेवा नपायको भए किन पाउनु भएको ?

आवश्यक कागजात पुरा नभएरः ☐ सेवा दिने कर्मचारी नभएरः ☐

प्रक्रिया नमिलेरः ☐ थाहा नभएर अन्यः ☐

७ सेवा लिनका लागि चाहिने निवेदन कसरी लेख्नु भयो ?

आफै ☐ हेल्पडेस्कको कर्मचारीले निशुल्कः ☐ साथी भाइले ☐ लेखन्दासलाई पैसा तिरेर ☐

८ तपाईले सेवा लिने क्रममा दस्तुर बुझाएको भए सो को रसिद प्राप्त गर्नुभयो? गरेः ☐ गरिनः ☐

९ सेवा प्राप्त गर्न आवश्यक कागजातहरु तथा प्रक्रियाको वारेमा कसरी जानकारी पाउनुभयो ?

स्थानिय तह वडा कार्यालयवाट ☐ नागरिक वडापत्रवाट ☐ वेवसाटमा भएको नागरिक वडापत्रवाट ☐

साथिभाई छिमेकी वाट ☐ विगतमा सेवा लिन आउँदा थाहा पाएकोलेः ☐

१० तपाईले यस कार्यालयमा के के सुविधा उपभोग गर्नुभयो?

प्रतिक्षालय ☐ टिभि ☐ पुस्तकालय ☐ तातोपानी चिसोपानी ☐

अन्य

११ यस कार्यालयमा उपभोग गरेका सुविधाहरुका अतिरिक्त अन्य कुनै सुविधाको अपेक्षा गर्नुभएको छ? छ भने कस्तो सुविधा कृपया खुलाईदिनुहोस् ।

....................................................

१२ सेवा लिने क्रममा कार्यालयमा आइसकेपछि केही दुःख हैरानी पाउनु भयो कीः पाएँ  पाएन

१३ दुःख हैरानी पाएको भए के कस्तो दुःख पाउनुभयोः .................................................

१४ तपाईं प्रति कर्मचारीहरुले कस्तो व्यवहार गर्नुभयो ?

सहयोग  असहयोग  काम गर्ने तर दुख दिने

काम पनि नगर्ने दुख पनि दिने

१५ सेवा लिनको लागी तोकिएको प्रक्रिया कस्तो लाग्यो ?

सरल र छरितो  ठीकै  लामो र झन्झटीलो

१६ तपाईले यस कार्यालयवाट लिएको सेवाको समय तथा गुणस्तर कस्तो लाग्यो ?

अत्यन्तै राम्रो  राम्रो  सामान्य  नराम्रो

१७ यस कार्यालयवाट प्रदान गरिने सेवा प्रति तपाईको सन्तुष्टिको स्तर कस्तो रहयो?

पुर्ण सन्तुष्टि  आंशिक सन्तुष्टि  असन्तुष्टि

१८ यस कार्यालयवाट प्रवाह गरिने सेवाको सुधारका लागी केही सुझाव छ भने उल्लेख गरिदिनुहोस् ।

मितिः.................................

हस्ताक्षरः ................................

बुढीगंगा नगरपालिकाको दोगि विकासका लक्ष्यहरुको स्थानियकरण निति,२०७९

कार्यपालिकाबाट स्विकृत भएको मितिः २०७९/१०/२३

प्रमाणिकरण मितिः२०७९/१०/२६

१.पृष्ठभूमि

१.१ दीगो विकासका लक्ष्यहरुको उद्देश्य सन् २०३० सम्ममा विश्वबाट अन्त्य गर्नु हो । चरम गरिवि लगायत गरिबिका सबै स्वरुप तथा आयामहरुको उन्मुलन गर्नु विश्वभरको सबैभन्दा ठूलो चूनौति रहेको छ । त्यसैगरि त्यो चुनौति नेपालमा पनि रहेको छ । यस विश्वव्यापी अभियानको तथा  संघिय सरकारको दीगो विकासका लक्ष्यहरु स्थानियकरण गरी बुढीगंगा नगरपालिकाले पनि तदनुरुपको निति बनाउनुपर्ने आवश्यकता ठानी यो निति तर्जुमा गरेको छ । दोगो विकासका लागि गरिविको अन्त्य बुढीगंगा नगरपालिकाको पनि एक अपरिहार्य लक्ष्य बनेको छ ।

१.२ दीगो विकासका १७ वटा विकास लक्ष्यहरुले सहस्राव्दी विकासका लक्ष्यहरुको उपलब्धीमा टेकेर त्यसबाट हासिल हुन नसकेका कुराहरुलाई पुरा गर्न खोजेका छन् । दीगो विकासका लक्ष्यहरु एकीकृत तथा अविभाज्य छन् र तिनले दीगो विकासका लक्ष्यहरु एकीकृत तथा अभिभाज्य छन् र तिनले दीगो विकासका तीन आयाम-आर्थिक सामाजिक र वातावरणलाई सन्तुलित गर्दछन ।सिमित स्रोत साधनबाट कार्ययोजना बनाई क्रमशः ति लक्ष्यहरु हासिल गरिने छ ।

२. विगतका प्रयासः

२.१ नगरपालिका स्थापना भएदेखि नै कुनै न कुनै रुपमा दीगो विकासका लक्ष्यहरु वार्षिक नितिमा समेटिएका थिए ।

२.२ वार्षिक निति कार्यक्रम तथा बजेटमा विषयगत शाखा निति तथा कार्यक्रममा बजेटको व्यवस्था केही न केही रुपमा भएको थियो ।

३. वर्तमान स्थिति

३.१ वि स २०७३/११/२७ मा नेपाल सरकारले यस  नगरपालिकाको घोषणा गरेको हो । नेपालको संविधानको नेपालको मुल संचरना संघ प्रदेश र स्थानिय तह गरी तिन तहको हुने व्यवस्था गरेको छ । संविधानमा नै स्थानिय सरकारको अधिकारको व्याख्या गरी स्थानिय सरकारलाई सबल र जनताका विकासका आकाङ्क्षा र आवश्यकतालाई प्रत्यक्ष रुपमा संबोधन गर्ने राज्य व्यवस्थाको व्यवस्था गरिएको छ । सोहि अनुरुप स्थानिय सरकार संचालन ऐन २०७४ तर्जुमा भएको छ ।

३.२ यसरी संविधान राज्य संरचना तथा स्थानिय सरकार संचालन ऐन अनुसार प्राप्त अधिकार अनुसार कार्य सम्पादन गर्नुपर्ने भएको छ ।

४. चुनौति र समस्या

४.१ गरिबिको सबै स्वरुप र आयामहरुको उन्मुलन गर्नु प्रमुख चनौति रहेको छ ।

४.२ बुढीगंगा नगरपालिकामा दीगो विकासका लक्ष्यहरु समेत हासिल हुने गरि कार्यान्वयन गर्न सिमित स्रोत एंव साधन र कमजोर संस्थागत क्षमता जस्ता समस्याहरु रहेका छन ।

५. नयाँ नितिको आवश्यकता

५.१ विश्वव्यापी अभियानको रुपमा रहेको दीगो विकासका लक्ष्यहरुको स्थानीयकरण गर्न ।

५.२ विश्वअभियान संघीय सरकारका दीगो विकासका लक्ष्यहरु र बुढीगंगा नगरपालिकामा गरिविका सबै स्वरुप र आयाम अन्त्य गर्न छुट्टै नितिगत व्यवस्था गर्न आवश्यक भएको ।

प्रस्तुत पृष्ठमूमिमा छुट्टै नितिगत व्यवस्था गर्न आवश्यक भएकाले बुढीगंगा नगरपालिकाबाट दिगो विकासका लक्ष्यहरुको स्थानियकरण निति २०७९ तर्जुमा गरिएको छ ।

६. दीर्घकालिन सेवा

बुढीगंगा नगरपालिकामा गुणस्तरीय दीगो तथा सन्तुलित विकास गर्ने ।

७. लक्ष्य

दीगो विकासका लक्ष्यहरु हासिल गरी गरिबिको सबै स्वरुप र आयामहरुको अन्त्य गर्न

८. उद्देश्य

८.१ दीगो विकासका लक्ष्यहरुको बुढीगंगा नगरपालिकामा आन्तरिकीकरण तथा स्थानियकरण गर्ने

८.२ आवधिक योजना मध्यमकालिन खर्च संरचना र वार्षिक निति कार्यक्रम र बजेटबाट दीगो विकासका लक्ष्यहरुसंग तादात्मयता कायम गर्न ।

९. नितिहरु

९.१ दीगो विकासका लक्ष्यहरु सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय अभियान र प्रयासहरुलाई बुढीगंगा नगरपालिकका सम्पूर्ण क्षेत्र संयन्त्र तथा टोलस्तर र जनसमुदायमा प्रवर्द्धन गर्ने

९.२ बुढीगंगा नगरपालिकामा दीगो विकासका लक्ष्यहरु हासिल गर्न गरिने योजना तथा कार्यक्रमको लागि आवश्यक पर्ने थप पुजी साधन तथा स्रोतहरुको व्यवस्था गर्ने

९.३ दीगो विकासका लक्ष्यहरु प्राप्ति गर्न जनप्रतिनिधि तथा कर्मचारीहरुको दक्षता अनुभव एव नविन प्रविधिलाई अधिकतम उपयोग गर्ने ।

१०. रणनितिहरु

(क) नितिः९(१ ) संम्बन्धित रणनितिहरु देहाय बमोजिम हुनेछनः

१०.१ दीगो विकासका लक्ष्यहरुलाई आवश्यकता र सान्दर्भिकताका आधारमा नगरपालिकाका सम्पूर्ण निकायहरुमा स्विकार तथा अंगिकार गरिनेछ ।

१०.२ कार्यान्वयन गर्न सकिने पूर्वाधार र सेवाहरु पहिचान गरी प्राथमिकता निर्धारण गरिनेछ ।

१०.३ दीगो विकासका लक्ष्यहरु अनुरुप सम्पन्न हुन सक्ने आयोजना तथा कार्यक्रमहरुलाई नगरपालिकाका सबै अंगहरु तथा निकायहरुलाई आवश्यकता अनुसार कार्यान्वयन गर्न क्रियाशिल गराईनेछन ।

(ख) निति ९.२ संग सम्बन्धित रणनितिहरु देहाय बमोजिम हुनेछन ।

१०.१ दीगो विकाससंग सम्बन्धित आयोजना तथा कार्यक्रमहरुलाई उच्च प्राथिमिकता साथ कार्यान्वयन गरिनेछ र आयोजना तथा कार्यक्रमलाई सरल एव पारदर्शि बनाईनेछ ।

१०.३ दीगो विकासका लक्ष्यहरुलाई हासिल गर्न नगरपालिकाबाट हुने लगानी सहयोग र प्रतिवदद्ता सुनिश्चित गरिनेछ ।

(ग) निति ९.३ संग सम्बन्धित रणनितिहरु देहायबमोजिम हुनेछन ।

१०.१ दीगो विकासका लक्ष्यहरु हासिल गर्नका लागि कार्यान्वयन गरिने आयोजना तथा कार्यक्रमहरुको पहिचान प्राथमिकिकरण लागत प्रारुप तयार गर्ने कार्यमा सम्बन्धित लाभग्राही तथा लक्षित वर्गमा उपलब्ध क्षमता दक्षता एव नविन प्रविधिलाई आवश्यकताहरुलाई उपयोग गरिनेछ ।

१०.२ दोगो विकासका लक्ष्यहरु हासिल गर्ने योजना कार्यक्रम कार्यान्वयन गर्न जनप्रतिनिधि एवं कर्मचारीको क्षमता सीप बढाउन क्षमता विकास गरिनेछ । साथै नविनतम प्रविधिलाई र जनशक्तिको दक्षता सीप क्षमता र अनुभवलाई आवश्यकता अनुसार उपयोग गरिनेछ ।

१०.३ दीगो विकासका लक्ष्यहरु प्राप्त गर्न संचालन गरिने आयोजना तथा कार्यक्रमलाई दोगो बनाउन लक्षित वर्गको जिम्मेवारी सुनिश्चित गरिनेछ ।

११. कार्यनिति

११.१ दीगो विकासका लक्ष्यहरुको अवधारणाको स्पस्टता

(क) विकासमा दीगो विकासको मान्यताहरुलई अगिंकार गरिनेछ ।

(१) आर्थिक सामाजिक एव पूर्वाधार विकासमा दीगो विकासका मान्यता अनुसार हुने गरी आयोजना तथा कार्यक्रम संचालन गर्ने

(२) दोगो विकासका मान्यताहरुलाई उपभोक्ता समिति टोल विकास समिति तथा लक्षित वर्ग समुदायमा स्थापित गरी सोहि अनुसार आयोजना तथा कार्यक्रम संचालन गर्ने ।

११.२ अन्य नितिसंग तादाम्यता कायम गर्नेः नगरपालिकाका अन्य निति तथा कानूनहरु तर्जुमा गर्दा यस नितिसंग तादाम्यता कायम गरी तर्जुमा गर्ने ।

११.३ दीगो विकासका लक्ष्यहरु देहायबमोजिम हुनेछनः

(क) गरिविको अन्त्यः सबै प्रकारका गरिविलाई सबै ठाउबाट अन्त्य गर्ने

(१) कुनै पनि प्रकारको गरिबिमा बाचेका मानिसहरुको अनुपातलाई कम्तिमा आधा कम गर्ने

(२) सबैका लागि सामाजिक संरक्षण प्रणाली र उपाय लागु गर्ने र गरिवि तथा जोखिममा रहेकाहरुलाई उल्लेख रुपमा समेट्ने ।

(३)गरिवि र जोखिमपूर्ण स्थितिमा रहेका मानिसहरुको सामाना गर्ने क्षमताको निर्माण गर्ने र वातावरणसंग सम्बन्धित विपत्तिजन्य प्रकोप तथा अन्य आर्थिक सामाजिक र वातावरणिय असर तथा विपद्संगको उनीहरुको संसर्गलाई न्यूनिकरण गर्ने

(ग) शन्य भोकमरीः भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उत्पन पोषण हासिल गर्ने र दोगो कृर्षिको प्रवर्द्दन गर्ने

(१) सबैप्रकारका  कुपोषणको अन्त्य गर्ने र किशोरी गर्भवती तथा सुत्केरी महिला र अन्य व्यक्तिको पोषणसम्बन्धीत आवश्यकतालाई संवोधन गर्ने ।